# आर्थिक वर्ष २०७६।०७७ को

# नीति तथा कार्यक्रम

आठविसकोट नगरपालिका

रुकुम (पश्चिम)

कर्णाली प्रदेश

२०७६

नगर सभाको बैठकमा मिति २०७६ साल असार १० गते मंगलबार

नगर प्रमुख श्री गोर्ख बहादुर के.सी.ले

प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७६।०७७

को

# नीति तथा कार्यक्रम

आठबिसकोट नगरपालिका

रुकुम (पश्चिम)

कर्णाली प्रदेश

२०७६

१. नेपाली जनताको निरन्तरको त्याग, वलिदान र लामो संघर्षको परिणाम स्वरुप प्राप्त भएको नेपालको संविधान-२०७२ ले दिएको अधिकार प्रयोग गरी आठविसकोट नगर सरकारको तर्फबाट तेस्रो पटक आर्थिक वर्ष २०७६/०७७ को आठविसकोट नगरपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरिरहेको छु ।

२. समाजवाद उन्मुख राज्य व्यवस्था प्राप्तीको आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने विभिन्न ऐतिहासिक जनआन्दोलन तथा १० वर्षे महान् जनयुद्धका ज्ञात अज्ञात महान् सहिदहरुप्रति श्रद्धाञ्जली अर्पण गर्दछु । राज्य व्यवस्था परिवर्तनका युद्ध र विभिन्न ऐतिहासिक आन्दोलनमा आफ्नो शरिरका अंगहरु गुमाउनु हुने घाइते तथा अपांग योद्धाहरुको उच्च सम्मान गर्न चाहन्छु । वेपत्ता योद्धाहरुको स्मरण गर्दै सम्पुर्ण सहिद परिवारप्रति उच्च सम्मान प्रकट गर्दछु । राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाई गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान सहित यसको लागि नेपाली जनताले पटक-पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन, महान जनयुद्ध, मधेश आन्दोलन एवम् विभिन्न कालखण्डमा भएका संघर्ष र आन्दोलनको स्मरण गर्न चाहन्छु ।

३. भौगोलिक विकटता र विविधता दुवै रुपमा चित्रित गरीवी, अभाव र अशिक्षाजस्ता थुप्रै समस्याहरुबाट ग्रसित रुकुम (पश्चिम) जिल्ला र सिंगो देशको समृद्धि र विकासको लागि निरन्तर रुपमा मन, वचन र कर्मले समर्पित हुनु हुने "उज्यालो नेपाल" का अभियान्ता, पूर्वमन्त्री एवम् प्रतिनिधिसभा सदस्य माननीय श्री जनार्दन शर्मा 'प्रभाकर'ज्यूलाई स्मरण गर्दै आठविसकोट नगरपालिकामा डिजिटल साक्षरता, राष्ट्रिय विद्युतीय प्रसारण लाईनको लागि पोल तथा लाईन विस्तार, एकीकृत सामुदायिक अर्गानिक नमूना कृषि फार्मिङ एवम् समग्र नगरपालिकाको विकास र रुकुमेलीहरुको देशव्यापी पहिचानको लागि खेल्नुभएको भूमिका र योगदानको उच्च सम्मान गर्न चाहन्छु । साथै उहाँले यस नगरपालिकाको विकास र सम्वृद्धि तथा नीतिहरुको निर्धारणमा दिनुभएका मुल्यवान सल्लाह र निरन्तरको प्रेरणाको लागि आभार व्यक्त गर्न चाहन्छु । ठूलीभेरी नदीको संभावित कटान तथा जोखिमलाई नियन्त्रण गर्न तटवन्धनको लागि वजेट व्यवस्थापन गर्नुहुने नेपाल सरकार उर्जा, जलस्रोत तथा सिँचाई मन्त्री माननीय वर्षमान पुनज्यू, आठविसकोट नगरपालिकालाई अर्गानिक मोडेल नगरपालिका निर्माण गर्न, फलफूल प्रशोधन उद्योग स्थापना गर्न लगायत कृषि क्षेत्रको समग्र विकासको लागि निर्वाह गर्नुभएको उल्लेखनिय योगदानप्रति कर्णाली प्रदेश भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विमला के.सी.ज्यू, सडक निर्माण, नदि नियन्त्रण तथा तटवन्धन, विपद् व्यव्स्थापन लगायतको क्षेत्रमा उल्लेखनिय गोगदान गर्नुहुने कर्णाली प्रदेश सभा सदस्य माननीय श्री रातो कामीज्यू र यस नगरपालिका एवम् समग्र जिल्लाको विकासको लागि निरन्तर चासो चिन्ता र खटिरहनु हुने सामाजिक विकृति र विसङ्गतिजन्य क्रियाकलापहरुको अन्त्य गरी सामाजिक सद्भाव र सहिष्णुतामा आधारित समतामूलक र

गोर्खबहादुर के.सी.
नगर प्रमुख

न्यायपूर्ण समाज निर्माणको लागि विशेष योगदान गर्नुहुने रुकुम (पश्चिम) जिल्ला समन्वय समिति प्रमुख श्री राजकुमार शर्माज्यूलाई हार्दिक धन्यवाद सहित स्मरण गर्न चाहन्छु ।

४. आर्थिक वर्ष २०७६।०७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नु अघि आर्थिक वर्ष २०७५।०७६ र सोभन्दा अघि प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनको अवस्था संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहन्छु :–

(क) आर्थिक वर्ष २०७५।०७६ को भौतिक तथा वित्तीय प्रगति करिब ९९ प्रतिशत पुगेको छ । समपूरक र विशेष अनुदानबाट सञ्चालन हुने आयोजनाहरुको ठेक्का प्रक्रिया टुङ्गिई सम्झौता भई कार्य आरम्भ समेत भईसकेको छ ।

(ख) उपभोक्ता समितिबाट सञ्चालन गरिने आयोजनाहरु श्रम सहकारी वा श्रम समूह मार्फत हुने गरी आठविसकोट नगरपालिका सार्वजनिक खरिद नियमावली, २०७५ स्वीकृत गरिएको छ । नगरपालिकाले शिक्षा, स्वास्थ्य, रोजगारी सिर्जना तथा उत्पादनलाई मुख्य प्राथमिकताका क्षेत्रहरु तोकि सोही अनुरुप बजेट विनियोजन र कार्यक्रम कार्यान्वयन गरिएको छ । जनसहभागिता बापत नगद सहभागिता गर्नुपर्ने प्रावधानको कार्यान्वयन गर्न थालिएको छ ।

(ग) नगरपालिकामा सञ्चालन हुने मुख्य-मुख्य आयोजनाहरुको पहिचान भई ती आयोजनाहरुको विस्तृत कार्ययोजना प्रतिवेदन (DPR) समेत तयार पारी परियोजना बैंक (Project Bank) बनाउन थालिएको छ ।

(घ) किवी, स्याउ, सुन्तला, ओखर, केरा, कागती, आँपजस्ता फलफूल उत्पादनका संभावित क्षेत्रहरुको पहिचान गरी कृषि पकेट क्षेत्रहरुको निर्माण कार्य सुरु गरिएको छ । आर्थिक वर्ष २०७५।०७६ मा दश हजारभन्दा बढि किवीका बिरुवा खरिद भई वडा नं. १० र १२ लगायतका अन्य वडाहरुमा व्यवसायिक ढङ्गले किवी खेतीको थालनी गरिएको छ । बाख्रापालन, कुखुरापालन, भैसीपालन, बंगुरपालन, माछापालन व्यवसायलाई प्रोत्साहन गर्न उत्कृष्ट व्यवसायि छनौट गरी अनुदान दिन थालिएको छ । पशुपालनलाई उद्योगसँग जोड्नको लागि बधशाला निर्माण, दुग्ध डेरीको स्थापनामा प्रोत्साहन, किसानहरुले उत्पादन गरेको दूधलाई संकलन, भण्डारण र बजारीकरणको लागि प्रदेश सरकार समतेको संलग्नतामा दूध संकलन भण्डारन तथा बजारीकरण कार्यक्रम सञ्चालनको लागि पहल थालिएको एवंम् महुरी पकेट क्षेत्र विकास गर्न माहुरीका घार वितरणजस्ता कार्यक्रमहरुलाई सूक्ष्म ढङ्गले अगाडी बढाईएको छ ।

(ङ) वडा नं. ४ र ५ मा संघीय सरकार समेतको लगानीमा एकीकृत सामुदायिक मोडेल अर्गानिक कृषि फार्मिङको सुरुवात गरिएको छ । पहिलो चरणमा कृषिको लागि आधारभूत पूर्वाधारको रुपमा रहेको सिंचाईलाई दिगो र भरपर्दो बनाउन झिम्रीखोला लगायत वडा नं. ४, ५ र अन्य वडामा रहेका मुहानहरुलाई केन्द्रित गरी Water

Supply & Irrigation System Project को लागि Detail Engineering Survey, Design & Report Preparation (DESDRP) तयार भई ठेक्का आह्वान गरी ठेक्का समेत स्वीकृत भईसकेको छ । एकीकृत सामुदायिक कृषि फार्मिङको लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) समेत तयार भई सोही प्रतिवेदन अनुसार कार्य आरम्भ समेत भईसकेको छ । वडा नं. ४ र ५ लाई एग्रो टुरिज्मको रुपमा विकास गर्ने प्रक्रिया थालनी गरिएको छ ।

(च) सार्वजनिक निजि साझेदारी मोडेल अनुसार आयात विस्थापन र निर्यात प्रवर्द्धन गर्न कृषिमा आधारित वाइन तथा जुस उद्योगको स्थापना गरी संचालन गरिएको छ । संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा मसलाजन्य उद्योग, ड्राई फुड उद्योग, चिउरी प्रशोधन केन्द्र, गार्मेन्ट उद्योग, क्रसर उद्योगहरुको स्थापनाको लागि कार्य आरम्भ भईसकेको छ । आठविसकोट नगरपालिकामा औद्योगिक ग्रामको स्थापनाको लागि पूर्व संभाव्यता अध्ययनको कार्य अगाडी बढाईएको छ ।

(छ) वैज्ञानिक वन व्यवस्थापनमा आधारित सार्वजनिक निजि साझेदारी मोडेल अनुसार काष्ठ उद्योगको स्थापना र संचालनको प्रक्रिया अगाडी बढाईएको छ । आर्थिक वर्ष २०७५।०७६ मा उद्योग सञ्चालनको लागि संरचना निर्माण, आवश्यक उपकरण खरिद लगायतका कार्यहरु सम्पन्न हुने क्रममा छन् ।

(ज) स्थानीय स्रोत साधन, सीप र क्षमतामा आधारित उद्योगहरुको प्रवर्द्धनको लागि कूल लागत अनुमानको ७५ प्रतिशतसम्म ऋण तथा अनुदान दिने व्यवस्थाको थालनी गरिएको छ । आर्थिक वर्ष २०७४।०७५ र २०७५।०७६ मा विभिन्न ५ वटा उद्योगहरुलाई ३८ लाख ४० हजार रुपैयाँ बराबरको ऋण तथा अनुदान उपलब्ध गराईएको छ ।

(झ) विपन्न तथा जेहेन्दार छात्रछात्रहरुलाई नगरपालिकाको आवश्यकता र माग अनुसार उच्चस्तरिय प्राविधिक शिक्षा अध्ययनको लागि शैक्षिक ऋण तथा छात्रवृत्तीको व्यवस्थाको लागि आवश्यक कानूनी तथा नीतिगत व्यवस्था गरिएको छ । आर्थिक वर्ष २०७५।०७६ मा पाइलोट विषय अध्ययनको लागि २ जना छात्रहरुलाई सहुलियत दरमा ऋण र प्राविधिक शिक्षा पढ्ने ५ जना छात्रछात्राहरुलाई भेरी प्राविधिक शिक्षालय र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा छात्रवृत्तिको व्यवस्था गरिएको छ ।

(ञ) साईकुमारी काँडादह पदमार्ग निर्माण एवम् साईकुमारी मन्दिर निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन तयार पारी कार्य आरम्भ गरिएको छ ।

(ट) बसपार्क निर्माण, रंगशाला निर्माण, सीपमूलक तथा व्यवसायिक तालिम केन्द्रको निर्माण, ल्यान्डफिल्ड साइटको निर्माण, २५ शैयाको अस्पताल निर्माण, विभिन्न सामुदायिक विद्यालयहरुको भौतिक संरचना सुधार लगायतको लागि विस्तृत परियोजना प्रतिवेदन

(DPR) तयार पारी कार्य आरम्भ गरिएको छ भने संघ तथा प्रदेश सरकारबाट ती आयोजना निर्माणको लागि करिब ६ करोड बराबरको समपूरक र विशेष अनुदान समेत प्राप्त भएको छ ।

(ठ) आर्थिक वर्ष २०७५।०७६ मा नगरपालिकाभित्रका १३ वटा सडकहरुको करिब १०० किलोमिटर सडक मर्मत संभार गरिएको छ । सडक सञ्जालमा नजोडिएका वडा नं. १ र २ लाई सडक सञ्जालमा जोड्न ट्याक ओपनिङको कार्य थालिएको छ । नगरपालिकाभित्रका महत्वपूर्ण १४ वटाभन्दा बढि मुख्य सडकहरुको विस्तृत परियोजना प्रतिवेदन तयार पारी समपूरक एवम् विशेष अनुदानको लागि संघ तथा प्रदेश सरकारसँग माग गरी आर्थिक वर्ष २०७५।०७६ मा केही सडकहरुको स्तरोन्नतिको लागि समपूरक अनुदान समेत प्राप्त भएको छ ।

(ड) नगरपालिकाभित्रका ६३ वटा विद्यालयहरुको रेखांकन गरी विद्यार्थी संख्या, भौतिक संरचना, नजिकका विद्यालयहरु विचको पैदल दूरी, शैक्षिक उपलब्धी लगायतका मापदण्डको आधारमा विद्यालय मर्ज, कक्षा तह घटाउने, शिक्षक दरबन्दी मिलान, १७० जना भन्दा बढि निजि स्वयमसेवक शिक्षकहरुको व्यवस्थापन, अनुगमन, मूल्यांकन र नियमन पद्धतिलाई वस्तुपरक र यथार्थपरक तुल्याउने लगायतका कार्यहरु शिक्षा क्षेत्रमा गरिएको छ । रुपान्तरण नेपाल मिदास एजुकेशनल प्रा.लि. लगायतका परामर्शदाताहरुसँगको साझेदारीमा शैक्षिक सुधार योजना कार्यान्वयन गरिएको छ । शैक्षिक शत्र, २०७६ लाई शैक्षिक पुनर्जागरण अभियान वर्षको रुपमा घोषणा गरिएको छ । यस अभियानको थालनी चौथो विद्यालय अनुगमन प्रतिवेदन २०७५ को हुबहु कार्यान्वयनसँगै गरिएको छ । विद्यालयहरु मर्ज भएर सामुदायिक विद्यालयहरुको सङ्ख्या ६३ बाट ५४ वटामा झरेका छन् । नगरपालिका अन्तर्गतका विद्यार्थी सङ्ख्या अधिक भएका हिमालय माध्यमिक विद्यालय खदि, ज्ञानोदय माध्यमिक विद्यालय चौतारा, शहिद स्मृति माध्यमिक विद्यालय राडीज्यूउला र आर्दश माध्यमिक विद्यालय घेत्मालाई नमूना विद्यालयको रुपमा विकास गर्न एवम् बाल कल्यान माध्यमिक विद्यालय राडिज्यूउलालाई प्राविधिक विद्यालयको रुपमा विकास गर्न आवश्यक प्रक्रिया अगाडी बढाईएको छ ।

(ढ) सामुदायिक विद्यालयहरुको शैक्षिक वातावरणमा सुधार गरी आम अभिभावक र बालबालिकाहरुको आशाको केन्द्रको रुपमा विकास गर्न एवम् निःशुल्क र अनिवार्य आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी मौलिक हकको कार्यान्वयन गर्न जोड गरिनेछ । नगरपालिकामा संस्थागत विद्यालय स्थापना र कक्षा तह थप गर्न नपाउने नीति अवलम्वन गरिएको छ ।

... के.सी.
नगर प्रमुख

(ण) सूचना प्रविधिमा आधारित जीवनोपयोगी व्यवहारिक शिक्षाको लागि डिजीटल बोर्ड, कम्प्युटर, सोलार सिस्टम, सफ्टवेयरको स्थापना लगायतका विषयहरुको प्रवन्ध गरी शिक्षा सुधार परियोजना कार्यान्वयनमा ल्याईएको छ । यसै आर्थिक वर्षमा सूर्योदय माध्यमिक विद्यालय होलि, ज्ञानोदय माध्यमिक विद्यालय चौतारा, सरस्वति माध्यमिक विद्यालय मिग्रि, जनता माध्यमिक विद्यालय झिनचौर, जनविकास माध्यमिक विद्यालय घारिखोला, नेपाल राष्ट्रिय माध्यमिक विद्यालय ठूलीवार्खु, जनकल्यान माध्यमिक विद्यालय गोइरी र आधारभूत विद्यालय गाउँबारीमा ८ कोठे पक्की भवन निर्माणको लागि ठेक्का स्वीकृत भई कार्य आरम्भ समेत भईसकेको छ ।

(त) नगरपालिकाभित्र राष्ट्रिय विकासको लागि आवश्यक जनशक्ति तयार गर्न, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकुल सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम गर्न, आठविसकोट नगरपालिकाको लागि स्थापना हुने तथा भई संचालन भइरहेका विद्यालयहरुको प्रभावकारी व्यवस्थापन गर्दै शैक्षिक गुणस्तर सुधार गरी जीवनोपयोगी तथा गुणस्तरीय शिक्षा कायम गर्न, शैक्षिक गुणस्तर परीक्षण केन्द्र स्थापना भई नगरपालिका र अन्तर्गतका विभिन्न निकाय तथा विद्यालयस्तरबाट दिइने शैक्षिक सेवा प्रवाहमा प्रभावकारिता एवम् गुणस्तरियताको सुनिश्चितता गर्ने सिलसिलामा गरिने शैक्षिक कार्यक्रम, शैक्षिक संस्था तथा पदाधिकारीहरूको कार्य सम्पादन स्तर मापन, मूल्याङ्कन, अध्ययन, अनुसन्धान, परीक्षण तथा स्तरीकरण गर्ने कार्यलाई थप व्यवस्थित गर्न शैक्षिक गुणस्तर परिक्षण केन्द्रको स्थापना र सञ्चालनको लागि शैक्षिक गुणस्तर परिक्षण केन्द्र सञ्चालन कार्यविधि, २०७६ तयार पारी कार्यान्वयनको क्रममा छ ।

(थ) नगरपालिकाको पूर्ण लगानीमा २५ शैयाको अस्पताल स्थापना भई संचालनमा आएको छ । प्रदेश सरकार र नगरपालिकाको साझेदारीमा अस्पताल भवन निर्माणको लागि ६ करोड २६ लाख बराबरको ठेक्का स्वीकृत भई कार्य आरम्भ समेत भईसकेको छ । अस्पताल सञ्चालनको लागि आवश्यक उपकरण खरिद, संरचना निर्माण, एम.वि.वि.एस. डाक्टर सहित करार जनशक्ति व्यवस्थापन गरिएको छ ।

(द) १४ वटै वडाका उपयुक्त स्थानहरुमा १७ वटा शहरी स्वास्थ्य इकाईको स्थापना गरी संचालनमा ल्याईएको छ । आठविसकोट नगर अस्पतालमा स्वास्थ्य विमा कार्यक्रम लागू गरी सबै नगरवासीहरुलाई अनिवार्य रुपमा स्वास्थ्य विमा गर्नुपर्ने नीति लागू गरिएको छ । निःशुल्क स्वास्थ्य शिविरलाई निरन्तरता दिईएको छ ।

(ध) स्थानीय सरकारलाई प्राप्त अधिकारहरुको कार्यान्वयनको लागि करिब ८० वटा भन्दा बढि स्थानीय कानूनहरुको निर्माण गरी कार्यान्वयनमा ल्याईएको छ । आवधिक योजना

मोतीबहादुर के.सी.
नगर प्रमुख

एवम् विभिन्न क्षेत्रगत योजनाहरुको निर्माण गर्ने कार्यको लागि विशेष पहल थालिएको छ । डिजिटल नगर प्रोफाईल बन्ने क्रममा छ ।

(न) ४६ किलोवाटको गिजागाड लघुजलविद्युत आयोजना, २६ किलोवाटको बुढबुढे खोला लघुजलविद्युत आयोजना नगरपालिकाको पूर्ण लगानीमा निर्माण गरी संचालन गरिएको भने खारखाराखोला जलविद्युत आयोजना नगरपालिकाको सहलगानीमा सञ्चालनमा आएको छ । १ मेगावाट जंघारखोला जलविद्युत आयोजनाको निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारीको काम सम्पन्न भई अनुदानको लागि वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रमा पठाईएको छ । नगरपालिकामा राष्ट्रिय विद्युत प्रसारण लाईन जडानको लागि विशेष पहल थालिएको छ ।

(न) नगरपालिकामा विद्युतको अभावमा अध्याँरोमा जीवनयापन गर्न बाध्य भएका एवम् हालसम्म पनि कहिँकतैबाट सौर्य उर्जा जडानको लागि अनुदान प्राप्त गर्न नसकेका करिब सत्र सय घरपरिवारको लगत संकलन गरी नगरपालिकाको विशेष पहलमा पहिलो चरणमा ६०० घरपरिवारलाई ८० वाट क्षमताको सोलार उपलब्ध गराई जडान कार्य सम्पन्न गरिएको छ । थप घरपरिवारलाई अनुदानमा सोलार उपलब्ध गराउन विशेष पहल थालिएको छ ।

(प) नदी तथा खोलाको कारण जोखिमयुक्त स्थानमा झोलुङ्गे पुलहरुको निर्माण गर्न २० वटाभन्दा बढी झोलुङ्गे पुलहरुको लामो सूची तयार पारी संघ तथा प्रदेश सरकार समक्ष पेश गरिएको छ । ९ वटा झोलुङ्गे पुलहरु आर्थिक वर्ष २०७५।०७६ भित्र निर्माण सम्पन्न हुने क्रममा छन् । सात वटा झोलुङ्गे पुलहरुको फेब्रिकेशन तथा स्टिल पार्ट खरिदको ठेक्का प्रक्रिया सम्पन्न भई सम्झौता समेत भईसकेको छ ।

(फ) आठविसकोट नगरपालिकाका १४ वटै वडाहरुमा नगरपालिकाको पूर्ण लगानी र पहलमा इन्टरनेट सेवा जडान गरिएको छ ।

(ब) नगरपालिकाको विकास निर्माणको लागि आवश्यक एक्स्ट्राभेटर, ब्याकओ लोडर, टिप्पर, टयाक्टरजस्ता सवारीसाधन खरिद गरी परिचालन गरिएको छ ।

(भ) महिला, आदिवासी जनजाति, दलित, अपांग, विपन्न वर्गहरुको संरक्षण, विकास र सशक्तिकरणको लागि सीपमूलक तथा क्षमता अभिवृद्धि तालिमहरु सञ्चालन गरिएको छ । लक्षित वर्गसँग सम्बन्धित आयोजनाहरुलाई प्रतिफल प्राप्त हुने गरी निजहरुकै सहभागिता र नेतृत्वमा कार्यक्रम सञ्चालन हुने व्यवस्थालाई थप प्रभावकारी बनाउँदै लगिएको छ ।

(म) नगरपालिकाको केन्द्र राडीबजारमा स्वीकृत मापदण्ड अनुसार सडक चौडा बनाउने एवम् ढल तथा नाला निर्माणको काम अन्तिम चरणमा पुगेको छ । भवन तथा शहरी विकास मन्त्रालयको सहयोगमा आठविसकोट नगरपालिकाको एकीकृत शहरी विकास योजना

नगर प्रमुख

निर्माणको काम अन्तिम चरणमा पुगेको छ । राडीबजारमा अत्याधुनिक सुविधा सहितको कम्प्लेक्स भवन निर्माण र अन्य शहरी पूर्वाधार विकासको लागि शहरी विकास मन्त्रालय मार्फत करिब ३० करोड लागत अनुमानको विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माणको काम अन्तिम चरणमा पुगेको छ ।

(य) नगरपालिकामा पर्यटकीय क्रियाकलाप अगाडी बढाउन आठविसकोट नगरपालिका पर्यटन रणनीतिक योजना निर्माण गरी संभावित पर्यटकीय क्षेत्रहरुको पहिचान गरिएको छ । आत्रे ऋषि मन्दिर पूर्वाधार विकास कार्यक्रम, आत्रे ऋषिको मन्दिर हुँदै चित्रिपाटन सिस्ने हिमालसम्मको पदमार्ग निर्माण, एग्रो टुरिज्मको लागि विस्तृत परियोजना प्रतिवेदन तयार पारी संघीय सरकार र प्रदेश सरकारको आर्थिक सहयोगमा कार्य आरम्भ गरिएको छ ।

(र) नियमित बजार अनुगमनलाई प्रभावकारी बनाई उपभोक्ताको हक, हित र अधिकारको रक्षाको लागि उपभोक्त हित संरक्षण अभियान थालनी गरिएको छ । आठविसकोट नगरपालिकाभित्र मदिराजन्य पदार्थको आयात, विक्रि वितरण र सेवनमा पूर्ण रुपमा प्रतिवन्ध लगाई नगरपालिकालाई मदिरामुक्त नगरपालिका घोषणा गरिएको छ । लागू औषध दूर्व्यसनि, सूर्तिजन्य तथा मदिराजन्य पदार्थमा पूर्ण प्रतिवन्ध लगाई सामाजिक विकृति र विसङ्गतिमुक्त, सामाजिक सद्भाव तथा सहिष्णुतायुक्त, समतामूलक र न्यायपूर्ण नगरपालिका निर्माणको लागि विशेष अभियान थालनी गरिएको छ ।

(ऱ) नगरपालिकालाई पूर्ण सरसफाई उन्मुख तुल्याउन खानेपानी, सरसफाई तथा स्वच्छता योजना (**WASH Plan**) निर्माणको काम सम्पन्न भएको छ । पूर्ण सरसफाई अभियानलाई प्रभावकारी ढङ्गले अगाडी बढाउन विशेष कार्ययोजना निर्माण गरी अगाडी बढिएको छ ।

(ल) विपद् जोखिम न्यूनिकरण गर्न विपद् जोखिम पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण, स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना (LDCRP) निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ । ठूलीभेरी नदीकिनाराका बस्तिहरु, गिजागाडखोला तथा खारखारा खोलाहरुमा आएको बाढिको कारण भएको तथा हुन सक्ने संभावित जोखिम र क्षति न्यूनिकरण गर्न नदि नियन्त्रण तथा तटबन्धनको कार्यलाई संघीय सरकार समेतको सहयोगमा अगाडी बढाईएको छ । विपद् व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखिएको छ ।

( ) नगरपालिकाको प्रशासनिक कार्य सञ्चालनको लागि पक्की भवनको निर्माण, शौचालय निर्माण लगायतका भौतिक संरचना निर्माण र कार्यालय व्यवस्थापनमा उच्च जोड दिएको छ । सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो, भरपर्दो र विश्वसनिय तुल्याउन कर्मचारीहरुको क्षमता अभिवृद्धि तालिम, नियमति स्टाफ मिटिङ र निजहरुका कार्यहरुको

नियमित अनुगमन तथा मूल्यांकन गरी आवश्यक पृष्ठपोषण दिने तथा लिने गरिएको छ ।

( )आर्थिक रुपमा विपन्न दिर्घ रोगीहरुलाई चालिस हजार रुपैयाँसम्म आर्थिक सहायता दिईएको छ । प्राकृतिक प्रकोप पिडीतहरुलाई प्रकोप पिडीत सहायता उपलब्ध गराई थप सहायताको लागि सम्बन्धित निकायमा समन्वय गरिएको छ ।

(व) नगरपालिकाको कार्यालय एवम् वडा कार्यालयहरुको व्यवस्थापन, विद्युतिय हाजिरी, CCTV जडान, डिजिटल वडापत्र, डिजिटल नोटिस बोर्ड लगायतका विद्युतीय सुशासनसँग सम्बन्धित उपकरणहरु खरिद, जडान तथा संचालन गरिएको छ । आर्थिक वर्ष २०७५।०७६ बाट हरेक चौमासिकमा वडास्तरिय एवम् नगरस्तरिय सार्वजनिक सुनुवाई गर्न थालिएको छ । नगरपालिकाबाट सम्पादन भएका अधिकांश कार्यहरु एवम् नगरपालिकाका गतिविधिहरु नगरपालिकाको वेवसाइट मार्फत सार्वजनिक गरिएको छ । नगरपालिकाभित्र भ्रष्टाचारजन्य क्रियाकलाप हुन नदिन एवम् गुणस्तरिय, परिमाणमुखि, लागत अनुमान अनुसारको कार्य तोकिएको समयावधिभित्र सम्पन्न गर्न अनुगमन तथा मूल्यांकनको कार्यलाई प्रभावकारी बनाउने प्रयत्न गरिएको छ ।

(श)स्वच्छतासँगको साझेदारीमा सबै स्वास्थ्य चौकीहरुको खानेपानी तथा सरसफाईको अवस्थामा सुधार गरिएको छ । नगरपालिकाभित्रको खानेपानी सम्वन्धी आधारभूत समस्या हल गरिएको छ । गत आर्थिक वर्षमा करिव १ करोड बराबरको खानेपानी सिंचाई पाइप खरिद तथा योजनागत वितरण गरी खानेपानी तथा सिंचाई सुविधा विस्तार कार्य अगाडी बढाईएको छ ।

५. नगरपालिकाले आफ्नो कार्य सम्पादनको भोगेका समस्या तथा चुनौतिहरु देहाय बमोजिम प्रस्तुत् गर्न चाहन्छु :–

(क)संघीय सरकार एवम् प्रदेश सरकारले साझा अधिकार सूची एवम् एकल अधिकार सूचीका विषयमा समयमै कानून नबनाउँदा एवम् कानून निर्माण प्रक्रिया सम्बन्धी कार्यविधिहरु नबनाउँदा स्थानीय तहको अधिकार क्षेत्रभित्रका विषयहरु कार्यान्वयनमा अन्यौलता कायमै रहेको छ ।

(ख)संघीय सरकार तथा प्रदेश सरकारबाट समयमै बजेट तथा कार्यक्रमको अख्तियारी नआई आर्थिक वर्षको अन्त्यतिर आउँदा ठेक्का प्रक्रिया पूरा गरी आर्थिक वर्षको अन्त्यमा कार्य सम्पन्न हुने अवस्था नभएको एवम् हतारमा गरिएका कार्यहरुबाट अपेक्षित उपलब्धी हासिल नहुने, बजेट दुरुपयोग हुन सक्ने, आयोजनाको गुणस्तर र कामको परिमाण कायम हुन नसक्ने खतरा र वित्तीय जोखिमको अवस्था सिर्जना भएको छ ।

पोखबहादुर के.सी.
नगर प्रमुख

(ग) नगरपालिकाभित्र आधारभूत शहरी सुविधाहरु जस्तै वसपार्क, रंगशाला, बाह्रै महिना चल्ने सडक, विभिन्न स्थानहरुमा पक्की पुलहरु नहुनु, भरपर्दो संचार सुविधाको अभाव लगायतका कारणहरुले नगरपालिका एवम् वडा कार्यालयहरुबाट सम्पादन हुने कार्यहरु एवम् सेवाप्रवाहमा समस्या उत्पन्न हुने गरेको छ ।

(घ) दरवन्दी अनुसारको कर्मचारी व्यवस्थापंन हुन नसक्दा सार्वजनिक सेवा प्रवाहमा प्रतिकूल असर परेको छ । भएका जनशक्तिहरुमा समेत संघीयताको मर्म तथा भावना अनुरुप काम गर्ने अभिलाषा नहुनु एवम् पर्याप्त प्रशासनिक अनुभवको अभावले सार्वजनिक सेवा प्रवाह, विकास निर्माण र योजना कार्यान्वयनमा बेलाबेलामा समस्या उत्पन्न हुने गरेका छन् । नगरपालिकाको आधिकारिक निर्णय, पारित कानून तथा नीतिहरुको कार्यान्वयन गर्न जनप्रतिनिधिहरुमा समेत अपेक्षित तत्परताको अभाव देखिएको छ ।

(ङ) भूगोल, जनसंख्या, भौगोलिक विकटता एवम् पछ्यौटेपन, विकासको माग इत्यादीको आधारमा संघ तथा प्रदेश सरकारबाट पर्याप्त बजेट प्राप्त नहुँदा आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण, संस्थागत विकास तथा सुशासन लगायतका क्षेत्रहरुको विकासमा चुनौती थपिएको छ ।

(च) प्राकृतिक प्रकोपको हिसाबले संवेदनशिल नगरपालिका भएकोले प्राकृतिक प्रकोप उद्धार, राहत, पुनर्स्थापना र पुनर्निर्माणको कार्यहरु पर्याप्त बजेटको अभावमा अगाडी बढ्न नसक्ने अवस्था सिर्जना भएको छ । बाढि, पहिरो, भूक्षय नियन्त्रण, जलउत्पन्न प्रकोप नियन्त्रण लगायतका कार्यहरुमा पर्याप्त बजेट उपलब्ध नहुँदा बर्सेनी ठूलो धनजनको क्षति हुने गरेको छ ।

(छ) कर्मचारी एवम् पदाधिकारीहरुमा सार्वजनिक सेवाप्रवाह, बजेट तथा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन लगायतका विषयहरुमा पर्याप्त ज्ञान नहुँदा समग्र सार्वजनिक सेवाप्रवाहमा व्यवधान उत्पन्न भएको महसुस गरिएको छ ।

अव म आर्थिक वर्ष २०७६।०७७ को लागि मुख्य-मुख्य नीति तथा कार्यक्रम पेश गर्न चाहन्छु ।

६. सात दशक लामो संघर्षपछि संविधानसभाबाट नेपालको संविधान जारी भएसँगै समाजवाद उन्मुख लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, बहुलवाद, सामाजिक न्यायसहितको समानुपातिक, समावेशी प्रतिनिधिमूलक व्यवस्था, मौलिक अधिकार, नागरिक स्वतन्त्रता, धर्म निरपेक्षता जस्ता महत्वपूर्ण उपलब्धिहरु संस्थागत भएका छन् र हुने क्रममा छन् । संविधानले अंगिकार गरेको विविधता बीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यवद्धताले

गोर्धनबहादुर के.सी.
नगर प्रमुख

नेपालीको स्वाभिमानलाई अझ उँचो बनाएको छ । सबै प्रकारका भेदभावको अन्त्य गरी आर्थिक सम्वृद्धि, समानता र सामाजिक न्याय सुनिश्चित गर्ने आधारशीला खडा भएको छ ।

७. जनताको पूर्ण लोकतन्त्र, विधिको शासन, सुशासन सहितको विद्युतीय शासन, जनताप्रति उत्तरदायी राज्य, भ्रष्टाचारमुक्त सभ्य, सुसंस्कृत एवम् कर्तव्यप्रति दृढ समतामूलक एवम् न्यायपूर्ण समाजलाई आदर्शको रुपमा लिदैं स्वच्छ, सफा, शान्त, सुशासनयुक्त, समृद्ध र सुखी नगरको निर्माणको लागि नगर सरकार प्रतिवद्ध छ ।

८. हाम्रो नगर भौगोलिक तथा जैविक विविधतायुक्त छ । यस नगरभित्र केही समुदायहरु बीच सामाजिक-साँस्कृतिक विभेद तथा आर्थिक पछौटेपन, चरम गरीबी, बाल विवाह, बहुविवाह, बेरोजगारी, कुपोषण, अशिक्षा जस्ता सामाजिक समस्याहरु रहेका छन् । यस प्रकारका विविधता र समस्याहरुको बीच सामाजिक-साँस्कृतिक सद्भाव र सहिष्णुताको माध्यामबाट समता र न्यायमा आधारित समुन्नत समाज निर्माण गर्नु हाम्रो मूल ध्येय हो । संविधान प्रदत्त अधिकारको दायरा भित्र रही आवश्यक कानूनी, संस्थागत एवम् कार्यात्मक व्यवस्था गर्दै समृद्ध र समुन्नत आठविसकोट नगरपालिकाको निर्माणको लागि यस वर्ष पनि **"समृद्ध गाउँ-शहरको रहर : स्वस्थ, सफा, शान्त, सुशासनयुक्त र न्यायपूर्ण आठविसकोट नगर"** को दिर्घकालिन सोचलाई पुनः स्मरण गर्दै उक्त सोच प्राप्त हुने विश्वास व्यक्त गर्न चाहन्छु ।

९. दिगो आर्थिक वृद्धि हासिल गरी आर्थिक विकास र समृद्धिको चाहनालाई सार्थक तुल्याउन सहभागितामूलक योजना तर्जुमा प्रक्रिया एवम् दिगो विकासको लक्ष्य अनुसार वडा, टोल वस्तीबाट प्राथमिकताका साथ छनौट भएका तथा नगरपालिकाले समेत उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्न खोजेका शिक्षा, स्वास्थ्य, कृषि, ग्रामिण सडक, ऊर्जा, लघु तथा साना जलविद्युत, सूचना तथा संचार प्रविधि, सहकारी, उद्योग तथा वाणिज्य, वन तथा वातावरण, संस्थागत विकास तथा सेवा प्रवाहसँग सम्बन्धित आयोजनाहरुको प्रतिफल सुनिश्चित हुने गरी कार्यान्वयन क्षमता बढाउनुका साथै प्रभावकारी र जवाफदेही अनुगमनको व्यवस्था गरिनेछ ।

१०. नेपालको संविधानले नेपाली जनताको सार्वभौमिकता र नागरिक सर्वोच्चतालाई संवैधानिक, कानूनी र व्यवहारिक रुपमा स्थापित गरिसकेको छ । संविधान प्रदत्त अवसर, राज्यबाट गरिने सेवा सुविधा, समग्र सुरक्षा र सम्मान सबै जनताले सहज, अनुकूल र वास्तविक अर्थमा अनुभूति हुने किसिमले प्राप्त गर्न सकुन भनेर नै राज्य पुर्नसंरचना गरिएको हो । राज्य पुर्नसंरचनाको मूल उद्देश्य जनताको घरदैलोमा सुशासन सहितको सरकार भएकोले त्यसलाई व्यवहारिक रुपमै कार्यान्वयन गराउन एवम् जनतालाई राज्य भएको अनुभूति दिलाउन **"समुदाय, संगठन र कर्मचारी सवलीकरण"** मा जोड दिईनेछ ।

११. समृद्ध नगर निर्माणको लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको भूमिकालाई प्रभावकारी बनाईनेछ । राजश्व र कर प्रशासन सम्बन्धि नीतिको निर्माण गरी पहिचान

भएका राजश्वका श्रोत, दायरा र दर अनुसार प्रगतिशील एवम् समतामूलक कर सिद्धान्त अनुसार राजश्व प्राप्त गर्न प्रभावकारी संस्थागत र कानूनी व्यवस्था गरिनेछ । **"समृद्ध गाउँ-शहरको रहर, पूरा हुन्छ तिरे कर"** भन्ने नारालाई यस वर्ष पनि सार्थक तुल्याउन र **"कर र मृत्यु शाश्वत सत्य हुन्"** भन्ने मान्यतालाई कार्यान्वयनमा ल्याउन व्यापक रुपमा करदाता शिक्षा लागू गरिनेछ । आन्तरिक आम्दानीलाई बढाउँदै आत्मनिर्भर र आफैमा सक्षम नगरपालिकाको निर्माणको लागि संभव भएसम्मका सम्पूर्ण उपायहरु अवलम्बन गरिनेछ । कर नतिर्ने, कर छलि एवम् चुहावट गर्ने व्यक्ति एवम् निकायको पहिचान गरी दण्डित गरिनेछ ।

१२. वडाहरुमा बजेट विनियोजन गर्दा जनसंख्या, भूगोल, विकटता र पछौटेपना, मानव विकास सूचकांकको अवस्था, पूर्वाधारको अनुपातमा राजश्व संकलन गर्न सक्ने क्षमता र आ.व. २०७५/०७६ मा राजश्वको संभावना अनुसार संकलित राजश्वको प्रतिशत र खर्चको आवश्यकतालाई मुख्य आधार बनाईनेछ । नगरपालिकाको राजश्व नीतिलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गरी लक्ष्य अनुसार वा सोभन्दा बढी राजश्व संकलन गर्न सफल वडा एवम् निकायलाई प्रोत्साहन स्वरुप कूल राजश्वको निश्चित प्रतिशतले हुन आउने रकम प्रशासनिक खर्च वापत उपलब्ध गराईने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

१३. यो वर्ष समृद्धिको इतिहास रच्ने आर्थिक वर्ष हुनेछ । **"पानी, खानी, कृषि र वनमा लगानी, हाम्रा युवा समृद्धिका खानी"** भन्ने नारालाई सार्थक तुल्याइनेछ । बजेट विनियोजन गर्दा संविधानले निर्दिष्ट गरेका एवम् जनस्तरबाट अपेक्षा गरिएका परिणामहरु प्राप्त गर्ने गरी कार्यक्रम तय गरिनेछ ।

१४. अबको विकास सूचना र तथ्यांकको गहन विश्लेषण, अनुसन्धान र प्रमाणमा आधारित हुनेछ । भू-सूचना प्रणालीमा आधारित डिजिटल नगर प्रोफाइल निर्माणको कार्यलाई मूर्तरुप दिईनेछ । बजेट विनियोजनको दक्षता र खर्च गर्ने क्षमता अभिवृद्धि गरिनेछ । व्यवस्थित योजना, मापदण्ड, अध्ययन र तथ्यविना बजेट विनियोजन गर्ने, बजेट छर्ने प्रवृत्तिलाई पूर्ण रुपमा निर्मूल गर्दै वार्षिक योजना कार्यान्वयन कार्ययोजना बनाई लागू गरिनेछ र उद्देश्य अनुसारका नतिजा समयमै प्राप्त गर्न प्रयत्न गरिनेछ ।

१५. नियमित बजार अनुगमनको व्यवस्था गरी सिन्डिकेट, कालोबजारी, मिलेमतो, कृत्रिम अभाव सिर्जनाजस्ता प्रवृत्तिलाई स्थानीय प्रशासनको सहयोग र समन्वयमा निर्मुल गर्न पहल गरिनेछ । होटेल व्यवसाय, तरकारी तथा फलफुल पसल, माछामासु पसल आदिमा गुणस्तर सुनिश्चित गर्न मापदण्ड बनाई लागू गरिनेछ । उपभोक्ताहरुको हक, हित र अधिकारको सुनिश्चितताको लागि उपभोक्ता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ । सार्वजनिक खरिद प्रणालीलाई प्रतिस्पर्धी, पारदर्शी र गुणस्तरिय बनाउँदै लगिनेछ । विद्युतीय खरिद प्रणालीलाई प्रभावकारी बनाईनेछ ।

१६. वडा तथा नगरपालिकाको बित्तीय व्यवस्थापन क्षमता र जवाफदेहिता बढाइनेछ । राजनीतिक नेतृत्व र कर्मचारीको क्षमता अभिवृद्धि गरिनेछ । राजनीतिक स्थिरता, व्यवसायिक कर्मचारीतन्त्र र सहयोगी समाजको निर्माणको लागि आवश्यक व्यवस्था गरिनेछ । **"सिर्जनशिलतालाई प्रोत्साहन, उत्कृष्टतालाई पुरुस्कार"** अवधारणा अनुसार उत्कृष्ट काम गर्ने कर्मचारी र पदाधिकारीलाई वार्षिक रुपमा सम्मान सहित पुरुस्कृत गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ । कर्मचारीको व्यवसायिकता क्षमता अभिवृद्धिको लागि तालिमको व्यवस्था मिलाईनेछ ।

१७. वार्षिक कार्यतालिका निर्माण गरी बजेट तथा योजना तर्जुमा, कार्यक्रम स्वीकृति, वार्षिक खरिद योजना निर्माण, योजना कार्यान्वयन, उपभोक्ता समितिहरुको सशक्तिकरण, योजना अनुगमन तथा मूल्यांकन, सार्वजनिक सुनुवाई, प्रगति समिक्षा लगायतका कार्यलाई व्यवस्थित गरिनेछ ।

१८. यस आर्थिक वर्षमा नगरपालिकाको पञ्चवर्षिय आवधिक योजना निर्माण, विषयगत, एवम् क्षेत्रगत गुरुयोजना निर्माण, एकीकृत गुरुयोजना निर्माण लगायतका योजना निर्माणसँग सम्बन्धित कार्यहरु सम्पन्न गरिनेछ । योजना तथा गुरुयोजना निर्माणको लागि आवश्यक बजेट व्यवस्था हुनेछ ।

१९. आठविसकोट नगर मानव विकास सुचकांकको दृष्टिले निकै पछाडी रहेको स्थानिय तह हो । यहाँको गरीबी न्यूनिकरण गर्दै सम्वृद्धि प्रर्वद्धन गर्नको लागी छुट्टै गरिवी निवारण सचिवालय गठन गरी विविध क्षेत्रका कार्यक्रमहरु समन्वयात्मक ढंगले अगाडी बढाउने व्यवस्था गरिनेछ ।

२०. उपरोक्त व्यवस्था बाहेक केहि मूल विषयहरुमा निम्नानुसार नीतिको तर्जुमा गरेको छु :-

२०.१. उद्योग सम्बन्धि नीति

२०.१.१. **"स्थानीय स्रोत साधन र सीपको उपयोगबाट उद्यम र रोजगारीमा वृद्धि : आठविसकोट नगरपालिकामा सुशासन सहितको समृद्धि"** लाई मूल लक्ष्यको रुपमा ग्रहण गर्दै लघु उद्यम विकास कार्यक्रमलाई अभियानकै रुपमा सञ्चालन गरिनेछ । सार्वजनिक नीजि साझेदारी मोडेलमा फलफूलमा आधारित उद्योग, काष्ठ उद्योग, मसला उद्योग, दुग्धजन्य उद्योग, ड्राई फुड उद्योग, सावुन उद्योग, गार्मेन्ट उद्योग लगायत अन्य संभावित उद्योगहरुको स्थापना र सञ्चालन गरी व्यापक मात्रामा रोजगारीका अवसरहरु सिर्जना गरिनेछ । उद्योगको स्थापना र विकासलाई नगरपालिकाको आर्थिक वृद्धि र विकासको मूल मेरुदण्डको रुपमा स्थापित गरिनेछ ।

गोर्खबहादुर के.सी.
नगर प्रमुख

२०.१.२. नगरले औद्योगिक शिक्षा र चेतनाको विकास तथा उद्योग व्यवस्थापकीय ज्ञानको प्रसारको लागि विभिन्न तालिमको ब्यवस्था गर्नेछ । स्थापना हुने उद्योगको वचावट र विकासको लागि लेखा तथा व्यवस्थापकिय तालिम दिने तथा नगरले नै मेकानिकल जनशक्तिको व्यवस्था गर्ने नीति लिईनेछ ।

२०.१.३. कृषि तथा प्राकृतिक स्रोत साधनमा आधारित उद्योगहरुको दिगो र संस्थागत रुपमा विकास गरी यस नगरपालिकाबाट वार्षिक वीस करोडभन्दा बढि मूल्यको रोडा, ढुङ्गा, स्लेट, काष्ठजन्य उत्पादन, कृषिजन्य उत्पादन र दूग्धजन्य उत्पादन निर्यात गरी आयात प्रतिस्थापन गरिनेछ । निर्माणाधिन फलफूलमा आधारित उद्योगबाट जुस, जाम, जेली, मिनरल वाटरजस्ता पेय पदार्थ उत्पादन गरी वृहत फलफूल प्रशोधन केन्द्रको रुपमा विकास गरिनेछ । स्थानीय स्रोत साधन, कच्चा पदार्थ र सीपमा आधारित ड्राई फुड उद्योग, साबुन उद्योग, मसला उद्योग, गार्मेन्ट उद्योगहरुलाई संघ तथा प्रदेश सरकारसँगको साझेदारी समेतमा आवश्यक स्रोत व्यवस्थापन गरिनेछ ।

## २०.२. कृषि सम्बन्धि नीति

२०.२.१. यस आर्थिक वर्ष कृषिको क्षेत्रमा समृद्धिको इतिहास रच्ने आधार वर्ष हुनेछ । कृषि क्षेत्रको विकासको लागि कृषि गुरुयोजना तयार गरी लागू गरिनेछ । अर्गानिक नगरपालिका निर्माणको लागि कृषि उपजहरुको अर्गानिक उत्पादन गर्ने अभियानलाई निरन्तरता दिईनेछ । अर्गानिक नगरपालिका घोषणाको लागि आवश्यक कार्यविधि निर्माण गरी लागू गरिनेछ ।

२०.२.२. कृषिको विविधीकरण, व्यवसायिकरण, आधुनिकरण र यान्त्रिकरण गरी तुलनात्मक लाभका बालीहरुको उत्पादनमा आत्मनिर्भर हुने नीतिलाई अवलम्वन गरिनेछ । "एक वडा एक उत्पादन" अभियानलाई निरन्तरता दिईनेछ ।

२०.२.३. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउन सिंचाई, मलखाद, बीउ बिजनको उपलब्धतामा सुधार गर्न आवश्यक नीति निर्माण गरी खरिद र ढुवानीमा अनुदानको व्यवस्था गरिनेछ । संभावित क्षेत्रहरुमा बाख्रा फर्म, कुखुरा फर्म, भैसी फर्म, तरकारी खेती, फलफूल खेती संचालन गरी स्वरोजगारीका अवसरहरु सिर्जना गरी युवाहरुलाई कृषि क्षेत्र तर्फ आकर्षित गरिदै लगिनेछ ।

२०.२.४. कृषि पकेट क्षेत्रमा कृषि प्राविधिकको व्यवस्था गरिनेछ । नगरपालिकाका संभावित स्थानहरुमा वन तथा कृषि नर्सरीको स्थापना गरिनेछ । भेडापालक किसानको समस्यालाई ध्यानमा राख्दै भेडाको नश्ल सुधारमा जोड गरिनेछ ।

२०.२.५. तत्काल नगरपालिका केन्द्रमा र आवश्यकता अनुसार अन्य स्थानमा "उत्पादन गर्ने काम किसानको र विक्रि वितरण गर्ने काम सहकारीको" भन्ने अवधारणा अनुसार एक विक्रि सहकारी संस्थाको स्थापना गरी कृषिजन्य उत्पादनको संकलन, सञ्चय, प्रशोधन, विक्रि वितरण र मूल्यको अनुगमन एवम् नियमन गरिनेछ ।

२०.२.६. जग्गा बाँझो राख्ने प्रवृत्तिको अन्त्य गरी जग्गाधनीहरुको जग्गा जग्गाधनीले प्रयोग नगरेमा नजिकको गरिब घरधूरीलाई सामान्य करारमा खेतीपातीको लागि प्रदान गरिनेछ । जग्गा बाँझो राख्ने जग्गाधनीहरुलाई थप भूमिकर लगाईनेछ ।

२०.२.७. कृषकहरुलाई कृषि तथा पशुपंक्षी सम्बन्धी प्राविधिक ज्ञान र सीप प्रदान गर्न रेडियो तथा अन्य संचार माध्यम, कल सेन्टर र तालिमको माध्यामबाट कृषि ज्ञानको प्रसारमा जोड दिईने छ ।

२०.२.८. माटो परिक्षण पश्चात माटो सुहाउँदो बाली लगाउने कार्यलाई अभियानको रुपमा संचालन गरिनेछ । संघीय सरकार र प्रदेश सरकारसँगको समन्वयमा किसानहरुलाई माटो स्वास्थ्य प्रमाणपत्रको व्यवस्था गरिनेछ ।

२०.२.९. उत्कृष्ट कृषक छनौट गरी वार्षिक रुपमा पुरुस्कृत गर्ने व्यवस्था मिलाइनेछ । कृषकहरुलाई कृषि प्रविधिको जानकारी गराउन एवम् कृषि सम्बन्धी नवीनतम ज्ञान, सीप र कौशलताको लागि अगुवा कृषक अध्ययन भ्रमणको व्यवस्था गरिनेछ ।

२०.२.१०. संभव भएसम्म प्रत्येक वडामा र अनिवार्य रुपमा राडीवजारमा हसामा कम्तिमा एक पटक विक्रि सहकारी संस्थासँगको साझेदारीमा हाटबजारको प्रवन्ध गरिनेछ । नगरपालिकाभित्र उत्पादन हुने कृषि उपजहरुको प्रचारप्रसार एवम् प्रवर्द्धनको लागि नगरस्तरिय कृषि मेला र कृषि उपजहरुको प्रदर्शनीजस्ता कार्यक्रमहरु आयोजना गरिनेछ ।

२०.२.११. पशुपालन व्यवसायलाई प्रवर्द्धन गर्न पशुको नस्ल सुधार कार्य जारी राखिनेछ । संभव भएसम्म कृतिम गर्भाधारण र संभव नभए उन्नत जातका बोका राँगा वितरण गरिनेछ । घाँसे खेति र घाँस नर्सरीलाई निरन्तरता दिईनेछ । मुख्य बजार क्षेत्रमा व्यवस्थित वधशाला र दूध डेरीको व्यवस्था गरिनेछ । "एक घर एक करेसावारी" को अवधारणालाई कडाईका साथ कार्यान्वयनमा ल्याईनेछ ।

२०.२.१२. निर्माणाधिन शीतभण्डारको निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याईनेछ । कृषि संकलन केन्द्रलाई व्यवस्थित गरिनेछ ।

गोरखबहादुर के.सी.
नगर प्रमुख

२०.२.१३. कृषि सेवा केन्द्र एवम् पशुसेवा केन्द्रहरुलाई व्यवस्थित गरी कृषि उत्पादनको लागि आवश्यक माटो, मल, विउ, औषधी, उपकरण र अन्य आवश्यक सामग्रीहरु सहित सुविधा सम्पन्न तुल्याईनेछ ।

२०.२.१४. सहकारी संस्था एवं समूह मार्फत सञ्चालन हुने दूध, मासु, फलफूल तथा तरकारीजन्य प्रशोधन उद्योगमा अनुदानको व्यवस्था गरिनेछ ।

२०.३ उर्जा सम्बन्धि नीति

२०.३.१. नेपाल सरकारले संचालन गरेको उज्यालो नेपाल अभियानलाई सहयोग पुग्ने गरी **"उज्यालो नगर अभियान"** लाई प्रभावकारी ढङ्गले कार्यान्वयनमा ल्याईनेछ । वर्षौदेखि सुरु भई सम्पन्न हुन नसकेका समस्याग्रस्त लघुजलविद्युत आयोजनाहरु यस आर्थिक वर्षमा सम्पन्न गर्न विशेष पहल गरिनेछ ।

२०.३.२. संचालनमा आएका तथा संचालनरत लघु जलविद्युत आयोजनाहरुलाई व्यवस्थित गरिनेछ र क्षमता सुधारको लागि संभाव्यता अध्ययन गर्न आवश्यक कदम चालिनेछ ।

२०.३.३. ऊर्जा क्षेत्रको विकासको लागि संभाव्यता अध्ययन; सर्वेक्षण, डिजाइन, ड्रइङ्ग, अन्वेषण, उत्खनन र अनुसन्धान, प्राविधिक परामर्शको लागि पर्याप्त बजेटको व्यवस्था गरिनेछ ।

२०.३.४. विस्तृत परियोजना प्रतिवेदन तयार भएको १ मेगावाट क्षमताको जंघारखोला जलविद्युत आयोजनालाई हाम्रो नगरको गौरवको आयोजनाको रुपमा अगाडी बढाईनेछ । स्यार्पु पावर कम्पनीमा नगर सरकार तथा नगरवासी जनता र नगरभित्रका विभिन्न संस्थाहरुको लगानी प्रोत्साहित गरिनेछ । भेरी नदी तथा जलिगार खोलामा मेघा प्रोजेक्टमा लगानी गर्ने देशभित्रका वा अन्तर्राष्ट्रिय स्तरका लगानीकर्ताहरुलाई प्रोत्साहित गर्ने नीति लिईनेछ । ती आयोजनामा स्थानिय सरकार र जनताको उचित अधिकार स्थापित गर्न पहल गरिनेछ ।

२०.३.५. राष्ट्रिय प्रसारण लाईन विस्तार तथा ग्रामिण विद्युतिकरणको लागि संघीय सरकार तथा प्रदेश सरकारसँग अनुरोध गरिनेछ । उपरोक्त सरकारहरुवाट संचालन हुने आयोजनाहरुलाई आवश्यक सहयोग गरिनेछ ।

२०.३.६. वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसँगको समन्वय र साझेदारीमा हालसम्म पनि विद्युत सुविधा प्राप्त गर्न नसकेका एवम् वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रवाट हालसम्म पनि अनुदानमा सोलार उपलब्ध हुन नसकेका घरपरिवारहरुलाई कम्तिमा ५० वाट क्षमताको सोलार अनुदानमा उपलब्ध गराउन *उज्यालो गाउँघर अभियान* सञ्चालन गरिनेछ ।



नगर प्रमुख

२०.४ सडक तथा सार्वजनिक यातायत सम्बन्धि नीति

२०.४.१ नगर सडक गुरुयोजना निर्माण गरी लागु गरिनेछ । गुरु योजनाभन्दा बाहिर र वातावरणीय प्रभाव मुल्यांकण नगराई जथाभावी सडक बनाउने कार्यलाई पूर्ण रुपमा बन्द गरिनेछ ।

२०.४.२. आगामी आर्थिक वर्षभित्र प्रत्येक वडा कार्यालयको केन्द्रमा सडक पुऱ्याउने गरी सडक संजालको विकास गरिनेछ । सञ्चालनरत सडकहरुलाई दिगो रुपमा सञ्चालन हुने किसिमले स्तरोन्नति गरी बाह्रै महिना सुचारु हुने व्यवस्था आगामी ३ वर्षभित्र गरिनेछ । यसको लागि संघिय सरकार र प्रदेश सरकारसंग समन्वय र सहकार्यको नीति लिईने छ ।

२०.४.३. नगर क्षेत्र विशाल भुगोल छ । प्रशस्त खोलानाला र भेरी नदी समेत छिचोलेर वडाहरु एक आपसमा जोडिने अवस्था रहेको छ र यी सबै क्षेत्रमा बाह्रै महिना यातायात सेवा संचालन गर्न २५ वटा सडक पुलहरु जरुरी रहेको छ । प्रदेश तथा संघिय सरकारसँगको समन्वयमा सडक पुलहरु क्रमश निर्माण गरिनेछ ।

२०.४.४. सार्वजनिक यातायात सञ्चालन सम्बन्धि गुरुयोजना तयार गरी लागू गरिनेछ । नगरभित्रका स्थानीय रुटहरुमा नगर प्रहरीको प्रत्यक्ष संलग्नतामा सार्वजनिक यातायात सञ्चालनं गरिनेछ । स्थानीय रुटमा सञ्चालन हुने सवारी साधनहरुको वैज्ञानिक भाडादर तय गरी लागू गरिनेछ ।

२०.४.५. सवारी तथा सार्वजनिक यातायात सम्बन्धि विद्यमान कानूनहरुको कडाईपूर्वक कार्यान्वयन गरी तथा गराई यात्रुहरुको सुरक्षित र आरामदायि यात्रा सुनिश्चित गरिनेछ । ट्राफिक नियमहरुको पालना नगर्ने, यात्रुहरुलाई दूर्व्यवहार र अमानवीय व्यवहार गर्ने, मादक पदार्थ सेवन गरी सवारी चलाउने लगायतका गैरकानूनी कार्य गर्ने सवारी चालक तथा सवारी धनीहरुलाई कानूनको दायरामा ल्याईनेछ ।

२०.५ भवन तथा शहरी विकास सम्बन्धि नीति

२०.५.१. प्राकृतिक स्रोत साधन, ऐतिहासिक, सामाजिक, सांस्कृतिक पहिचान र आर्थिक सामर्थ्यको आधारमा गतिशील गाउँ शहर निर्माण कार्यलाई व्यवस्थित गरिनेछ । यसको लागि शहरी विकास तथा भवन निर्माण सम्बन्धि मापदण्ड एवम् संहिताको पूर्ण कार्यान्वयन गरिनेछ । गाउँ क्षेत्रमा निर्माण हुने कच्ची घरहरुलाई समेत भुकम्प प्रतिरोधि बनाउन न्युनतम मापदण्डको निर्माण गरी लागु गरिनेछ । संरचना निर्माण गर्नु पूर्व नक्सा पास गर्नुपर्ने कानूनी प्रावधानलाई कडाईका साथ लागू गरिनेछ ।

गोविन्द बहादुर के.सी.
नगर प्रमुख

२०.५.२. आर्थिक रुपमा विपन्न, लोपोन्मुख समुदाय र दलित जनताको लागि नेपाल सरकारले संचालन गरेको **"जनता आवास कार्यक्रम"** लाई व्यवस्थित र फलदायि तुल्याउन आवश्यक व्यवस्था गरिनेछ ।

२०.५.३. यस आर्थिक वर्षमा एकीकृत, व्यवस्थित, वैज्ञानिक, सुरक्षित र हरित गाउँ शहर निर्माणको लागि गुरु योजना बनाई लागू गरिनेछ । सम्बन्धित जग्गाधनीहरुको सहमतिमा व्यवस्थित शहरको निर्माणको लागि जग्गा विकास कार्यक्रमलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न प्रयास गरिनेछ ।

२०.५.४. वास्तविक अर्थमा नगरपालिका हुनको लागि आवश्यक न्यूनतम शहरी पूर्वाधार विकासको कार्यलाई यस वर्ष पनि तिव्रता दिईनेछ । रंगशालाको निर्माण, सुविधा सम्पन्न एवम् व्यवस्थित वसपार्कको निर्माण, राडीबजार एवम् सीमबजार क्षेत्रमा व्यवस्थित ढल व्यवस्थापन, पर्याप्त खुला क्षेत्र, पोखरी, ताल एवम् मनोरञ्जन स्थलहरुको निर्माण कार्यलाई विशेष जोड दिईनेछ । यी कार्यहरु संचालनको लागि प्रदेश तथा केन्द्र सरकारसंग सहकार्यको नीति लिईने छ ।

२०.५.५. सेवा सुविधा पुऱ्याउन र प्राप्त गर्न कठिन, विकासका लागि बाधक, अपायक र असुरक्षित स्थानमा रहेका छिटपुट वस्तीहरुलाई स्थानान्तरण गरी सुरक्षित पुर्नवासको व्यवस्था गर्न संघीय सरकाद्वारा कार्यान्वयनमा ल्याईएको एकीकृत वस्ती विकास कार्यक्रमलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गरिनेछ । यस आर्थिक वर्षमा त्यस्ता घर परिवारको पहिचान गरी पुर्नवासको लागि उपयुक्त स्थानहरुको खोजी गरिनेछ ।

## २०.६. खानेपानी तथा सरसफाई सम्बन्धि नीति

२०.६.१ दिगो विकासका १७ लक्ष्यहरुमध्येको सफा पानी र पूर्ण सरसफाई सम्बन्धि लक्ष्य तोकिएको अवधिभित्र प्राप्त गर्न **वातावरणमैत्री घरका १० सूचकहरुको कार्यान्वयन, पूर्ण सरसफाईयुक्त वडा घोषणा, एक घर एक धारा, एक घर एक शौचालय, एक व्यक्ति दश रुख, सुधारिएको चूलोको प्रयोग** जस्ता कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ ।

२०.६.२. जलाधार संरक्षणको लागि आवश्यक व्यवस्था मिलाईनेछ । वडाहरुमा मौसम अनुसार वृक्षारोपण गर्ने, महिनामा कम्तिमा दुई पटक सरसफाई अभियान संचालन गर्ने कार्यलाई अभियानकै रुपमा संचालन गरिनेछ । नगरपालिका केन्द्रमा प्रत्येक हप्तामा एक पटक सरसफाई अभियान सञ्चालन गरिनेछ ।

२०.६.३. विपन्न र विपन्न दलित घरपरिवारको अवस्थालाई मनन गर्दै शौचालय निर्माणको लागि आवश्यक सामग्रीहरुको निःशुल्क व्यवस्था गरिनेछ । विद्यालय, सार्वजनिक स्थल


नगर प्रमुख

एवम् सरकारी कार्यालयहरुमा अपांगमैत्री, वालमैत्री सार्वजनिक शौचालय निर्माणमा ध्यान दिईनेछ ।

२०.६.४. "प्रदूषकले तिर्नु पर्छ" भन्ने मान्यतालाई कडाईका साथ कार्यान्वयन गरिनेछ । फोहोरमैलाको वैज्ञानिक व्यवस्थापनका लागि निर्माणाधिन ल्याण्डफिल्ड साइटको प्रभावकारी र व्यवस्थित सञ्चालन गरिनेछ । फोहोरमैलाको वर्गीकरण गरी फोहोरलाई मोहरमा रुपान्तर गर्ने नीतिको अवलम्बन गरिनेछ । यस आर्थिक वर्षमा कुहिने फोहोरबाट कम्पोष्ट मल निर्माणको कार्यलाई नमूनाको रुपमा सुरु गरिनेछ ।

२०.६.५. पूर्ण सरसफाईयुक्त नगरपालिका निर्माणको लागि निर्मित खानेपानी, सरसफाई तथा स्वच्छता योजना (WASH Plan) अनुसार वर्षैभरी सरसफाई अभियान सञ्चालन गरिनेछ ।

## २०.७. गरिबी निवारण सम्बन्धि नीति

२०.७.१. गरिबीको रेखामूनि रहेको जनसंख्या, गरिबीको गहनता, विषमता, Gini-coefficient सम्बन्धि तथ्यांक संकलन गरी गरिबी उन्मूलनको लागि आवश्यक नीतिगत व्यवस्था गरिनेछ । गरीबी निवारण सम्बन्धी कार्यलाई प्रभावकारी र प्रतिफल उन्मूख तुल्याउन नगरपालिकामा स्वास्थ्य तथा सामाजिक विकास शाखा अन्तर्गत रहने गरी एक गरिबी निवारण सचिवालयको स्थापना गरिनेछ । गरिबको सिफारिस पत्र खोज्ने अवस्थाको अन्त्य गरी सबै नगरवासीले समृद्धिको प्रमाणपत्र प्राप्त गर्ने स्थितिको सिर्जना गरिनेछ । गरिबी विरुद्ध सशक्त ढङ्गले लड्न गरिबी विरुद्ध हातेमालो कार्यक्रम सञ्चालन गरिनेछ ।

२०.७.२. गरिबी निवारण कोषको प्रभावकारी सञ्चालन, व्यवस्थापन र नियमन गरिनेछ । ऋण लिने तर ऋणको दुरुपयोग गर्ने व्यक्ति वा समूह वा संस्थाहरुको पहिचान गरी दण्डित गरिनेछ । गरिबी निवारण कोष, उद्योग तथा उद्यमशीलता प्रवर्द्धन कोष तथा कृषि, वन तथा स्थानीय स्रोतसाधन र सीपमा आधारित उद्योगहरुको प्रोत्साहनको लागि ऋण तथा अनुदानको रुपमा छुटयाईएको रकम नगरस्तरिय बचत तथा ऋण सहकारी मार्फत सञ्चालन हुने व्यवस्था मिलाईनेछ ।

## २०.८. पर्यटन सम्बन्धि नीति

२०.८.१. पर्यटन क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्र एवं. यस नगरपालिकाको अर्थतन्त्रको प्रमुख आधारको रुपमा विकास गर्न प्राकृतिक, ऐतिहासिक, धार्मिक पर्यटन प्रवर्द्धनको लागि सुक्ष्म ढंगले अध्ययन गर्ने तथा सोको लागि आवश्यक पूर्वाधार विकासमा जोड दिईनेछ । यस आर्थिक वर्षभित्र पर्यटन गुरुयोजना तयार गरी लागू गरिनेछ । गौतमहरुको उद्‌गम स्थल

गोतामकोटमा आत्रे ऋषिको मन्दिर निर्माण तथा गोतामकोट आत्रे ऋषीको मन्दिर हुँदै चित्रिपाटन सिस्ने हिमालसम्मको सहासिक पदमार्ग निर्माणको लागि केन्द्र तथा प्रदेश सरकारसँग विशेष पहल गरिनेछ । **"गौतमहरु गोतामकोट जाउँ, पूर्खाको थातथलो चिनौं"** अभियानलाई निरन्तरता दिईनेछ । साइकुमारी काँडादह पदमार्ग निर्माण कार्यलाई विशेष पर्यटकीय योजनाको रुपमा अगाडी बढाईनेछ ।**"साईकुमारी जाउँ मनोकाँक्षा पुरा गरौं - सिस्ने हिमालको सुन्दरता र शितलताको महशुस गरौं"** अभियानलाई निरन्तर रुपमा संचालन गरिने छ । यी अभियानहरुको लागि होटेल, होम स्टे संचालमा प्रोत्साहन गरिनेछ । पर्यटकीय संभावना बोकेका एवम् पहिचान भएका अन्य पर्यटन क्षेत्रहरुको विकासको लागि आवश्यक पहल गरिनेछ ।

२०.८.२. पर्यटकीय स्थलहरुको अध्ययन, पहिचान र प्रचारप्रसारको लागि आवश्यक व्यवस्था मिलाइने छ । पर्यटन पूर्वाधार निर्माण, प्रचारप्रसार र पर्यटक अनुकूल सेवा सुविधा विकासमा जोड दिईनेछ । पर्यावरण पर्यटन, युद्ध पर्यटन तथा एग्रोपर्यटनका लागि संभाव्यता अध्ययन गरिनेछ ।

### २०.९. वन तथा वातावरण सम्बन्धी नीति

२०.९.१. नगरपालिकाभित्रका सबै सामुदायिक वनहरुको संरक्षण, प्रवर्द्धन र उत्पादनशिल उपयोगलाई व्यवस्थित गर्न सबै वन उपभोक्ता समितिहरुलाई सशक्तिकरण गरिनेछ । वनवाट प्राप्त हुने रोयल्टि प्रभावकारी ढङ्गले संकलन गरिनेछ । जैविक विविधताको संरक्षण, वातावरण संरक्षण र व्यवस्थापन, भू-क्षय नियन्त्रण, जलाधार संरक्षण, जनसंख्या व्यवस्थापन सम्बन्धि नीति, कानून तथा मापदण्डको व्यवस्था गरी लागू गरिनेछ । जलवायु परिवर्तन अनुकूलन कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२०.९.२. नगरपालिकाको लगानीमा वनमा आधारित उद्योगहरुको स्थापना गरी सञ्चालन गरिनेछ । वन क्षेत्रको वैज्ञानिक एवं दिगो व्यवस्थापन गरी वनजन्य उत्पादन अभिवृद्धि गर्नको लागि वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना लागु गरिनेछ । सामुदायिक वन विकास कार्यक्रम र निजी वन विकास कार्यक्रमलाई प्रभावकारी ढङ्गले संचालन गरिनेछ । सडक लगायतका पूर्वाधार विकास गर्दा अनिवार्य रुपमा वातावरणीय प्रभाव मूल्यांकन गर्ने व्यवस्थालाई कडाईका साथ कार्यान्वयनमा ल्याईनेछ । विद्यालय, समूह, सहकारी र सम्बन्धित स्थानीयलाई परिचालन गरी नाङ्गा पाखाहरु, सडक छेउमा वृक्षारोपन गर्ने कार्यलाई अभियानको रुपमा अगाडी बढाईनेछ । जनप्रतिनिधिहरुले निर्वाचित हुँदा प्राप्त लोकप्रिय मत बराबरको सङ्ख्यामा अनिवार्य रुपमा रुखहरु रोप्ने **"एक लोकप्रिय मत बरारब एक रुख"** अभियान सञ्चालन गरिनेछ ।



अर्जबहादुर के.सी.
नगर प्रमुख

२०.९.३. विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना बनाई लागू गरिनेछ । सबै घरपरिवारलाई विपद् व्यवस्थापन सम्बन्धी आधारभूत तालिमको व्यवस्था गरिनेछ । विपद् पूर्व तयारी तथा प्रतिकार्य कार्ययोजना र स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना (LGCDP) को प्रभावकारी कार्यान्वयन गरिनेछ ।

२०.१०. युवा तथा खेलकूद सम्बन्धि नीति

२०.१०.१. "स्वास्थ्यका लागि खेलकूद राष्ट्रका लागि खेलकूद" भन्ने राष्ट्रिय नारालाई सार्थक तुल्याईनेछ । नगरस्तरिय, अन्तर स्थानीय तहका खेलकूद प्रतियोगीताहरु सञ्चालनको लागि कार्यतालिका बनाई लागू गरिनेछ । सुविधा सम्पन्न खेलकूद मैदान निर्माणको कार्यलाई प्रदेश तथा केन्द्र सरकारको समेत लगानीमा यस वर्ष सम्पन्न गरिनेछ । खेलकूद क्षेत्रको विकासको लागि व्यवस्थित नीति बनाईनेछ । खेलकूदको विकासको लागि युवा तथा खेलकूद विकास समितिलाई प्रभावकारी ढङ्गले परिचालन गरिनेछ । विद्यालयस्तरका बालबालिकाहरुको लागि खेल प्रशिक्षक र तालिमको व्यवस्था गरिनेछ ।

२०.१०.२. युवा शक्तिलाई उद्यमशिलता, स्वरोजगार र आय आर्जनमा केन्द्रित गर्न तत्काल छोटो अवधीको सीपमूलक एवम् व्यवसायिक तालिम दिइनेछ । युवाहरुलाई उत्पादनका क्षेत्रमा समर्पित गराई समृद्धिको रेखा कोर्नको लागि श्रमदल वा श्रम सहकारी बनाई परिचालन गर्ने अभियानलाई निरन्तरता दिईनेछ।

२०.१०.३. नगर प्रहरीलाई नगरपालिकाको समृद्धि र विकासको लागि विशेष ढङ्गले परिचालन गरिनेछ । नगर प्रहरी मार्फत गर्नुपर्ने भनि तोकिएका कार्यहरु नगर प्रहरी मार्फत सम्पादन गर्न नगर प्रहरी संयन्त्रलाई सक्षम र सुविधा सम्पन्न तुल्याईनेछ ।

२०.१०.४. विदेशबाट आएका युवाहरुलाई व्यवसायिक निरन्तरताको लागि ऋणको व्यवस्था गर्न संघिय सरकारसँग समन्वय गरिनेछ । नगर प्रहरीको नेतृत्वमा श्रम समूह वा श्रम कार्यदल बनाई विकास निर्माणका कार्यहरुमा प्रभावकारी ढङ्गले परिचालन गरिनेछ ।

२०.११. शिक्षा सम्बन्धि नीति

२०.११.१. शिक्षा क्षेत्रको सुधारको लागि भएका सकरात्मक प्रयासहरुलाई यस आर्थिक वर्षमा पनि निरन्तरता दिईनेछ । विद्यालय अनुगमन प्रतिवेदनहरुको पूर्ण कार्यान्वयन गरिनेछ ।

२०.११.२. संविधानत् प्राप्त शिक्षा सम्बन्धी अधिकारको पूर्ण कार्यान्वयनको लागि स्वीकृत भएका कानूनी व्यवस्थाहरुको परिपालनामा विशेष जोड दिईनेछ र आवश्यकताको आधारमा थप कानुनी व्यवस्था गर्दै जाने नीति लिईनेछ ।

२०.११.३. संघ तथा प्रदेश सरकारसँगको समन्वयमा हिमालय माध्यमिक विद्यालय खदि, ज्ञानोदय माध्यमिक विद्यालय चौतारा, शहिद स्मृति नमूना माध्यमिक विद्यालय राडीज्यूउला, हिमालय माध्यमिक विद्यालय दाजे र आदर्श माध्यमिक विद्यालय घेत्मालाई नमूना विद्यालयको रुपमा विकास गर्न भौतिक संरचना सुधार तथा डिजिटालाईजेशन अभियान सञ्चालन गरिनेछ । बालकल्यान माध्यमिक विद्यालय राडिज्यूउलालाई प्राविधिक शिक्षालयको रुपमा विकास गरिनेछ । संघीय सरकारको मापदण्ड अनुसार न्यूनतम विद्यार्थी सङ्ख्या पुग्ने अन्य विद्यालयहरुलाई समेत नमूना विद्यालयको रुपमा विकास गरिनेछ ।

२०.११.४. सामुदायिक विद्यालयहरुमा विद्यार्थी सङ्ख्याको आधारमा करार स्वयमसेवक शिक्षकहरुको व्यवस्था गरिएकोमा उक्त व्यवस्थालाई परिवर्तन गरी प्रति विद्यार्थी सङ्ख्याको आधारमा निश्चित अनुदान रकम उपलब्ध हुने नीति लागू गरिनेछ । विषयगत, योग्य एवम् सकरात्मक सोच भएका जनशक्तिलाई शिक्षा क्षेत्रमा स्वागत गरिनेछ । विद्यालय मर्जर अभियानलाई निरन्तरता दिईनेछ । निःशुल्क र अनिवार्य आधारभूत शिक्षा र अनिवार्य माध्यमिक शिक्षा सम्बन्धी मौलिक हकको पूर्ण कार्यान्वयन गरिनेछ ।

२०.११.५. ग्रामिण क्षेत्रको वर्तमान शैक्षिक परिवेशलाई व्यापक सुधार गर्ने नीति लिईनेछ । पञ्च वर्षिय विद्यालय शिक्षा सुधार परियोजना निर्माण गरी लागू गरिनेछ । शिक्षालाई अपांगमैत्री एवं, वालमैत्री बनाईनेछ । विद्यालय शिक्षा सुधार परियोजना अन्तर्गत भौतिक पूर्वाधार तथा शैक्षिक गुणस्तरको न्युनतम मापदण्ड तोकिनेछ । उक्त परियोजना लागु गर्न चाहिने आर्थिक श्रोत तथा अन्य प्राविधिक सहयोग र परामर्श सेवा व्यवस्थाको लागि प्रदेश तथा केन्द्र सरकार एवं दातृ निकाय र गैर सरकारी संस्था समेत परिचालन गर्ने नीति लिईनेछ ।

२०.११.६. माध्यामिक शिक्षा गुणस्तरिय बनाईने छ । यस नगरपालिकामा रहेको एकमात्र शिक्षा क्याम्पसलाई बहुमुखी क्याम्पस बनाउन आवश्यक सहयोग गर्ने नीति लिईने छ ।

२०.११.७. विपन्न वर्गका जेहेन्दार वालबालिकाहरुलाई छात्रवृत्तिको व्यवस्था गरिनेछ । भर्ना अभियानलाई प्रभावकारी तुल्याई सामुदायिक विद्यालयहरुमा बालबालिका एवम् अभिभावकहरुलाई आकर्षित गर्न गुणस्तरिय पठनपाठनका अतिरिक्त अभिभावक शिक्षा तथा जागरण अभियान र अन्य विशेष आकर्षणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२०.११.८. विद्यालय सुधारको लागि सूचना प्रविधिको व्यापक प्रयोग गरिनेछ । विद्यालयको प्रशासनिक सुधार तथा नियमनको लागि विद्युतीय शासनको अवधारणा कार्यान्वयनमा ल्याईनेछ ।

२०.११.९. उच्च शिक्षा अध्ययन गर्न चाहने एवम् नगरपालिकाको जनशक्तिको आवश्यकता र मागलाई पूरा गर्न इच्छुक बालबालिकाहरुलाई छात्रवृत्ति तथा शुलभदरमा शैक्षिक ऋणको व्यवस्था गरिनेछ ।

२०.११.१०. उत्कृष्ट नतिजा हासिल गर्न सफल विद्यालय, उक्त विद्यालयमा कार्यरत उत्कृष्ट शिक्षक एवम् उत्कृष्ट विद्यार्थीहरुलाई पुरुस्कारको व्यवस्था गरिनेछ । बार्षिक शैक्षिक क्यालेन्डर, वार्षिक कार्यतालिकाको निर्माण गरी शैक्षिक गतिविधिहरु संचालन गर्ने नीतिलाई निरन्तरता दिईनेछ । शिक्षा ऐन तथा नियमावली अनुसार प्रधानाध्यापकको नियुक्ति गरी निजसँग कार्य सम्पादन करार गरी सूचकको आधारमा कार्य सम्पादन मूल्यांकन गरिनेछ ।

२०.११.११. जोखिमको वहन गरिरहेका बालबालिकाहरुको उद्धार एवम् संरक्षणको लागि आपत्कालिन बाल उद्धार कोषको स्थापना गरी संचालन गरिनेछ । विशेष क्षामता भएका बालबालिकाको लागि विशेष शिक्षा संचालनको लागि सहयोग गरिनेछ ।

२०.११.१२. विद्यालयमा शिक्षकहरुको क्रियाकलाप, पठनपाठनको अवस्था र समग्र विद्यालयमा हुने गतिविधिहरु सुक्ष्म ढङ्गले अध्ययन गरी नगरपालिकामा प्रतिवेदन गर्न शिक्षा, युवा तथा खेलकूद शाखा अन्तर्गत रहने गरी शैक्षिक गुणस्तर परिक्षण केन्द्रको स्थापना गरिनेछ । विद्यालय अनुगमन, नियमन र मूल्यांकनको कार्यलाई प्रभावकारी र उपलब्धिमूलक बनाईनेछ ।

## २०.१२. लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति

२०.१२.१. लैंगिक समानता, महिला सशक्तीकरण, लैंगिक मुलप्रवाहीकरण र महिला सहभागिता वृद्धि गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ । संचालित आयोजना तथा कार्यक्रममा कम्तिमा ४० प्रतिशत महिला र कम्तिमा १० प्रतिशत अपांग वा अल्पसंख्यक वा दलित समुदायको सहभागिता सुनिश्चित गरिनेछ । लघु उद्यम तथा सिप विकास सम्बन्धि कार्यक्रमहरुमा लक्षित वर्ग, क्षेत्र, समुदायको सहभागितालाई पहिलो प्राथमिकतामा राखिनेछ ।

२०.१२.२. जुनसुकै किसीमका महिला हिंसा विरुद्ध कठोर कदम चालिनेछ । महिला हिंसाको प्रमुख कारणको रुपमा रहेका मदिराजन्य पदार्थको सेवन, पितृसत्तात्मक सोच, अशिक्षा, गरिवी र अभाव, अन्धविश्वास र पछ्यौटेपन हटाउन विशेष अभियानात्मक कार्यक्रम संचालन गरिनेछ ।

गोर्खबहादुर के.सी.
नगर प्रमुख

२०.१२.३. संविधानले मौलिक हकको रुपमा सुनिश्चित गरेका महिला, दलित, जनजाती, अपांग, बालबालिका, विपन्न वर्गसँग सम्बन्धि अधिकारको अक्षरस कार्यान्वयन गर्न विशेष जोड दिईनेछ ।

२०.१२.४. असल सामाजिक मूल्य मान्यताको संरक्षण एवम् संवद्र्धन गरिनेछ । बाल विवाह गर्ने तथा गराउने दुबैलाई कानूनको कठघरामा उभ्याईनेछ । बालविवाह, बहुविवाह, दाइजो प्रथा, बोक्सीको आरोप, छुवाछुत एवम् अन्य सामाजिक कुरिती उन्मूलन गर्न विशेष सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

२०.१२.५. लक्षित वर्ग, क्षेत्र एवम् समुदाय केन्द्रित व्यवसायिक एवम् सीपमूलक तालिमहरु सञ्चालन गरी त्यस्ता वर्गको सशक्तिकरण गर्ने नीति अवलम्बन गरिनेछ । प्रत्येक वडामा अनिवार्य रुपमा स्थापना हुने टोल विकास संस्थाहरुमा लक्षित वर्गहरुको सहभागिता सुनिश्चित गरिनेछ ।

२०.१२.६. राज्य व्यवस्था परिवर्तनको लागि भएका महान् जनयुद्ध र आन्दोलनका सहिद परिवार तथा घाईते योद्धाहरुको सम्मान, संरक्षण र आर्थिक मूल प्रवाहिकरणमा समाहित गर्ने नीति लागु गरिनेछ ।

२०.१२.७. समाजमा कुसंस्कारको रुपमा रहेको बालविवाहलाई न्यूनिकरण गर्न टोल, वडा एवं नगरपालिका स्तरमा चेतनामुलक कार्यक्रम गर्नुका साथै कानुनी कारवाहीलाई कडाइका साथ लागु गरिनेछ ।

१२.१२.८. टुहुरा, अनाथ एवं संरक्षण विहिन बालबालिकालाई बैकल्पिक संरक्षणका लागि उचित व्यवस्थापनमा पहल गरिनेछ । अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

१२.१२.९. शिक्षावाट विमुख बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउने कार्यक्रम तय गरी विद्यालय उमेरका सम्पुर्ण बालबालिकालाई शिक्षाको मुलधारमा ल्याइनेछ ।

१२.१२.१०. विद्यालय, वडा र नगरपालिकामा बालक्लव एवं संञ्जाल गठन गरी क्रियाशिल गरिनेछ । विद्यालयहरुमा जुनियर रेडक्रस सर्कल र स्काउट गठन गरी बालबालिकाहरुमा सेवामूलक र स्वयमसेवक भावनाको विकास गरिनेछ ।

१२.१२.११. महिला शसक्तिकरणको लागी प्रत्येक टोल, वडामा महिला समुह एवं समिति गठन गरी नगरपालिकामा सुचिकृत गरिनेछ । सूचीकृत सवै समूहलाई अनुशिक्षण तालिम दिइनेछ । प्रत्येक वडामा रहेका महिला समितिलाई आयआर्जन सम्वन्धी तालिम दिई आयआर्जनमूलक व्यवसायमा आवद्ध गरिनेछ ।

१२.१२.१२. लैंगिक हिंसा, घरेलु हिंसा न्यूनिकरण गर्न कानुनी एवं चेतनामुलक कार्यक्रममा जोड गरिनेछ ।

१२.१२.१३. जेष्ठ नागरिक आफ्नै सन्तानवाट अपहेलित, घृणित व्यवहारले जोखिममा रहेको हुदाँ समाजमा जेष्ठ नागरिकलाई सम्मानपूर्वक वातावरणमा जिउने अवस्था सुनिश्चित गरिनेछ । साथै जेष्ठ नागरिकलाई संरक्षण नगर्ने दुव्र्यवहार गर्ने सन्तान वा व्यक्तिलाई दण्डित गर्ने नीतिको अवलम्बन गरिनेछ ।

१२.१२.१४. अपांगता भएका व्यक्तिलाई सीपमूलक एवम् व्यवसायिक तालिम प्रदान गरी रोजगारीमा जोड गरिनेछ ।

१२.१२.१५. छुवाछुतमुक्त सद्भावयुक्त नगरपालिका घोषणा भईसकेको सन्दर्भमा यसको प्रभावकारी कार्यान्वयन भए नभएको सम्वन्धमा पुनर्मूल्यांकन गरिनेछ । छुवाछुत विरुद्धको मौलिक हक कार्यान्वयनको लागि विशेष अभियान सञ्चालन गरिनेछ । दलित तथा विपन्न घरपरिवारका बालबालिकाहरुलाई उच्च शिक्षासम्म निःशुल्क पठनपाठनको व्यवस्था गर्न संघ तथा प्रदेश सरकारसँग विशेष समन्वय, सहकार्य र पहल गरिनेछ । उच्च प्राविधिक शिक्षा अध्ययन गर्न छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

२०.१३. विज्ञान तथा प्रविधि सम्बन्धि नीति

२०.१३.१. नगरको समृद्धिको लागि विज्ञान र प्रविधिको क्षेत्रबाट प्राप्त हुन सक्ने लाभ, अवसर र संभावनालाई खोजी गरी यस क्षेत्रमा संख्यात्मक र गुणात्मक विकास गरिनेछ ।

२०.१३.२. नगरपालिकाभित्र विज्ञान, सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्न माध्यामिक तहका सबै विद्यालयहरुमा प्राविधिक विषयको पठनपाठनको व्यवस्था गरिनेछ । माध्यामिक तहका सबै विद्यालयहरुमा कम्प्युटर शिक्षक, कम्प्युटर ल्याव, विज्ञान प्रयोगशाला, विद्युतीय हाजिरीको व्यवस्था गरिनेछ ।

२०.१३.३. विद्युतीय शासनको लागि आवश्यक पहल गरिनेछ । लेखा, राजश्व प्रणालीलाई सफ्टवेयरको माध्यमबाट व्यवस्थित गरिनेछ ।

२०.१३.४. विज्ञान तथा प्रविधि सम्बन्धि योजना बनाई कार्यान्वयन गरिनेछ ।

२०.१३.५. नगरपालिका कार्यालयमा स्थापना भएको पुस्तकालयमा तीव्र गतिको इन्टरनेट सेवा जडान गरिनेछ । स्थापित पुस्तकालयलाई सामुदायिक सूचना केन्द्रको रुपमा विकास गरिनेछ ।

२०.१४. संस्थागत विकास, सुशासन तथा सेवा प्रवाह सम्बन्धि नीति

खड्गबहादुर के.सी.
नगर प्रमुख

२०.१४.१ सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भ्रष्टाचारमुक्त, प्रविधियुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै लगिनेछ । भ्रष्टाचार गर्ने र गराउने दुवैलाई दण्डित गर्ने नीतिको अवलम्बन गरिनेछ ।

२०.१४.२. नगरपालिका तथा प्रत्येक वडामा सूचना तथा तथ्यांक व्यवस्थापनको लागि सूचना तथा अभिलेख व्यवस्थापन केन्द्रलाई व्यवस्थित गरिनेछ । वडा कार्यालयबाट हुने गरेका सार्वजनिक सेवाप्रवाह तथा विकास निर्माण सम्बन्धि कार्यको मासिक रुपमा प्रगति प्रतिवेदन पेश गर्ने व्यवस्थालाई कडाईका साथ कार्यान्वयनमा ल्याईनेछ ।

२०.१४.३. सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, व्यवस्थापन परिक्षण, गुनासो व्यवस्थापनमा उपयुक्त विधि निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ । जनतासँग अन्तरक्रिया कार्यक्रमलाई निरन्तर रुपमा कार्यतालिका बनाई सञ्चालनमा ल्याईनेछ । प्रत्येक तीन महिनामा सार्वजनिक निकायले गरेका कार्यहरु सार्वजनिक सुनुवाई गरी सार्वजनिक गर्नुपर्ने प्रावधानलाई कडाईकासाथ कार्यान्वयन गरिनेछ ।

२०.१४.४. आगामी आर्थिक वर्षभित्र शहिद स्मृति नमूना माध्यमिक विद्यालय, दिपज्योति आधारभत विद्यालय, राडिज्यूउला शिक्षा क्याम्पस, वडा कार्यालय एवम् नगरपालिकाको लागि आवश्यक जग्गा प्राप्ति गरी आवश्यक संरचना निर्माणको कामलाई तिव्रता दिईनेछ । निःशुल्क रुपमा जग्गा प्रास गर्ने वडाहरुलाई भवन निर्माणको लागि पहिलो प्राथमिकतामा राखिनेछ । आगामी दुई वर्षभित्र नगरपालिका एवम् सबै वडा कार्यालयहरुको आफ्नै भवन हुनेछन् ।

२०.१५. सञ्चार सम्बन्धि नीति

२०.१५.१. सूचना तथा संचार प्रविधिबाट अहिले पनि नगर क्षेत्र विकट छ । नगरमा संचालित एफ.एम.रेडियोको प्रशारण क्षेत्र विस्तार गरिनेछ । सूचना तथा संचार प्रविधिको विकास गरी सर्वसुलभ इन्टरनेट सेवा विस्तारको लागि विशेष पहल गरिनेछ ।

२०.१५.२. सर्वसुलभ संचार सुविधाको लागि आवश्यक पूर्वाधार निर्माण गर्न संघीय सरकार एवम् प्रदेश सरकारसँग विशेष पहल गरिनेछ ।

२०.१५.३. राज्यको तेस्रो अङ्गको रुपमा रहेको सञ्चार जगत एवम् त्यसमा कार्यरत सञ्चारकर्मी तथा पत्रकारहरुको वाक स्वतन्त्रतालाई उच्च सम्मान गर्दै नगरपालिकाको समृद्धि र विकासको लागि सञ्चार जगतले खेलेको भूमिको मूल्यांकन गरी प्रोत्साहित गरिने नीति लिईनेछ । पत्रकारहरुको पेशागत मर्यादा र सुरक्षाको लागि विशेष योगदान गरिनेछ ।

गोविन्दपुर के सी.
नगर प्रमुख

## २०.१६. सरकारी तथा गैर सरकारी संघ-संस्था सञ्चालन सम्बन्धि नीति

२०.१६.१. नगरपालिका क्षेत्रमा कार्य गर्न इच्छुक गैरसरकारी संघसंस्थाले नगरसभाबाट अनिवार्य रुपमा बजेट तथा कार्यक्रम स्वीकृत गराई नगरपालिकाको संचित खाताबाट नै निकासा हुने व्यवस्था गर्नुपर्नेछ । नगरसभाबाट स्वीकृत नगराई कुनै पनि बजेट तथा कार्यक्रम संचालन गर्न पाईने छैन ।

२०.१६.२. कुनै पनि सरकारी, गैर सरकारी संघसंस्था, निकाय, क्षेत्र, विषयगत कार्यालयले नगरपालिकाभित्र आयोजना, कार्यक्रम संचालन गर्नुपूर्व नगरपालिकाको स्वीकृति लिने, नगरपालिकाको नीति तथा कार्यक्रम अनुरुप आयोजना वा कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ ।

## २०.१७. स्वास्थ्य सम्बन्धी नीति

८.१७.१. प्रदेश सरकार एवम् संघीय सरकारसँगको समन्वय र साझेदारीमा २५ शैयाको अस्पताललाई व्यवस्थित ढङ्गले सञ्चालन गरिनेछ । अस्पताल सञ्चालनको लागि आवश्यक भौतिक पूर्वाधार, औषधि उपकरण, दक्ष जनशक्तिको प्रभावकारी व्यवस्था गरिनेछ ।

२०.१७.२. सबै नगरबासीहरुको स्वास्थ्य सेवा सुनिश्चितताको लागि स्वास्थ्य विमा गर्ने कार्यलाई प्रभावकारी र बाध्यात्मक बनाईनेछ । अति विपन्न भनि पहिचान भएका समुदायका परिवारको लागि स्वास्थ्य विमा निःशुल्क गर्ने व्यवस्था मिलाईनेछ ।

२०.१७.३. सञ्चालनरत शहरी स्वास्थ्य ईकाइहरुलाई थप सुदृढ गराई सुविधा सम्पन्न बनाईनेछ । केन्द्र सरकारसँगको साझेदारी र सहयोगमा क्रमशः वडा नं. १, ३, ६, १३, ८, १०, र १२ मा स्वास्थ्य संस्थाको भवन निर्माणको लागि पहल गरिनेछ ।

२०.१७.४. एम्बुलेन्स सेवालाई चौबिसैं घण्टा सुचारु गरिनेछ । "रोग लागेर उपचार गर्नुभन्दा रोग नै लाग्न नदिनु उपयुक्त हुन्छ" भन्ने मान्यता अनुसार व्यक्तिको व्यवहार र आचरणमा सुधार गर्न सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ । नगरपालिका केन्द्रमा नागरिक आरोग्य कार्यक्रम अन्तर्गत व्यायाम तथा योगा कक्षा सञ्चालन गरिनेछ ।

## २०.१८. सहकारी तथा गरिबी निवारण सम्बन्धि नीति

२०.१८.१. आठविसकोट नगरपालिकामा रहेको गरिबी न्यूनीकरण गर्न प्रदेश सरकार एवम् संघीय सरकारसँगको सहकार्यमा गरिबी विरुद्ध साझा अभियान अन्तर्गत विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२०.१८.२. सम्बृद्ध नगरका लागि सहकारी अभियान अन्तर्गत सहकारीलाई सम्वृद्ध नगरपालिका र समाजवाद निर्माणको प्रमुख आधार स्तम्भको रुपमा विकास गर्न र समाजवादको अभ्यास गर्ने गाउँको रुपमा प्रत्येक वडालाई केन्द्रित गरी सबै नगरवासीहरुको सहकारी संस्थामा शेयर कायम हुने सुनिश्चित हुने व्यवस्था मिलाईनेछ । आगामी आर्थिक वर्षमा नगरपालिकास्तरिय दूग्ध सहकारी संस्थाको स्थापना गरी आम भैसीपालक किसान तथा समूहहरुको उक्त सहकारी संस्थामा शेयक कायम गरी नगरपालिकासँगको साझेदारीमा दूध संकलन, भण्डारन, प्रशोधन र बजारीकरणको विशेष व्यवस्था मिलानेछ ।

२०.१८.३. संघीय सरकार एवम् प्रदेश सरकारको गाउँ-गाउँमा सहकारी, घर-घरमा रोजगारीको नारालाई सार्थक तुल्याउन सहकारी मार्फत कृषिजन्य र वनपैदावारमा आधारित उद्योगको स्थापना गरी रोजगारीका अवसरहरु सिर्जना गरिनेछ ।

२०.१८.४. युवा बेरोजगारीलाई सम्बोधन गर्न युवा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ । दलित, महिला, द्वन्द्वपीडित, विपन्न तथा सीमान्तकृत समुदायको आत्मनिर्भरताको लागि लक्षित वर्ग विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

१९. संघ, प्रदेश र स्थानीय तहविचमा समन्वय, सहकार्य र सहअस्तित्वको भावना विकास गर्न सकेमा मात्र राष्ट्रिय एकता अभिवृद्धि गर्न बल पुग्ने, विभिन्न वर्ग, क्षेत्र, समुदायविचको भावनात्मक सम्बन्ध प्रगाढ हुने र आर्थिक सामाजिक रुपान्तरणको काम सहज हुनेछ । जनताको आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणमा नेपालको संविधानले निर्दिष्ट गरेको लक्ष्य हासिल गर्न नगर कार्यपालिका प्रतिवद्ध छ ।

२१. अन्त्यमा, यो नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउने सुअवसर प्रदान गर्ने सबै नगरवासी सम्पूर्ण जनसमुदाय, नगर कार्यपालिका र नगर सभाका सदस्यज्युहरु, राजनीतिक दल एवम् भातृसंगठनका प्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मी, निजी क्षेत्र, नागरिक समाज, संचार जगत सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

नगर र नगरवासीको जय होस्

धन्यवाद

प्रमाणित गर्ने अधिकारीको:
दस्तखत:
नाम,थर: गोर्खबहादुर के.सी.
पद: नगर प्रमुख
कार्यालय: आठविसकोट नगरपालिकाको कार्यालय, रुकुम (पश्चिम)
मिति : २०७६/०३/३१ गते